# नागोया जीवनयापन गाइड

## 名古屋生活ガイド

यस गाइडमा नागोया नगरमा प्रथम पटक बसोबास गर्न आउने विदेशी महानुभाव सबैले ढुक्क भएर दैनिक जीवनयापन गर्न सक्ने गरि दैनिक जीवनयापनमा उपयोगी जानकारी सङ्कलन गरि राखिएको छ। आफूसँगै राखि, अप्ठ्यारो पर्दा उपयोग गर्नुहोस्।
नागोया जीवनयापन गाइड वेबबाट पनि हेर्न सकिन्छ।



## बहुभाषामा परामर्श तथा जानकारी प्रदान

जीवनयापनमा अफ्ठ्यारो पर्दा र कुनै जानकारी चाहिएको बेला संकोच नमानी परामर्श लिनुहोस्।

**टेलिफोन नं. 052-581-0100**
**नागोया अन्तर्राष्ट्रिय केन्द्र (NIC)**
https://www.nic-nagoya.or.jp
पृष्ठ 3 हेर्नुहोस् बिदा :सोम

<table>
<tr><th></th><th>मङ्गल</th><th>बुध</th><th>बिहि</th><th>शुक्र</th><th>शनि</th><th>आइत</th></tr>
<tr><td>अ अङ्ग्रेजी भाषा</td><td colspan="6">9:00～19:00</td></tr>
<tr><td>पु पुर्तगाली भाषा</td><td colspan="6" rowspan="2">10:00～12:00<br>13:00～17:00</td></tr>
<tr><td>स्पे स्पेनिस भाषा</td></tr>
<tr><td>चि चिनियाँ भाषा</td><td colspan="4">13:00～17:00</td><td colspan="2">10:00～12:00<br>13:00～17:00</td></tr>
<tr><td>को हन्गुल (कोरियन)</td><td></td><td></td><td rowspan="2">13:00～17:00</td><td></td><td colspan="2" rowspan="4">13:00～17:00</td></tr>
<tr><td>फि फिलिपिनी भाषा</td><td></td><td></td><td></td></tr>
<tr><td>भि भियतनामी भाषा</td><td></td><td rowspan="2">13:00～17:00</td><td></td><td></td></tr>
<tr><td>ने नेपाली भाषा</td><td></td><td></td><td></td></tr>
<tr><td>इ इन्डोनेसियाली</td><td></td><td rowspan="2">13:00～17:00 (※)</td><td></td><td></td><td></td><td rowspan="2">13:00～17:00 (※)</td></tr>
<tr><td>था थाईभाषा</td><td></td><td></td><td></td><td></td></tr>
</table>

※इन्डोनेसियाली भाषा: पहीलो ,तेस्रो बुधवार र आइतबार ,थाई भाषा: दोस्रो ,चौथो बुधवार

## नागोया शहरमा जापानिज भाषा कक्षा खोजनुहोस्

स्थानीयहरुसंग रमाइलो गर्दै पढाइने कक्षा खोज्न सकिन्छ।

nagoniho खोज्नुहोस




## आकस्मिक सम्पर्क स्थल



**टेलिफोन नं. 110 (नि:शुल्क)**




घटना, सवारी दुर्घटना, आदि।




**टेलिफोन नं. 119 (नि:शुल्क)**

आगलागी, आपतकालीन अवस्थामा
(अचानक बिरामी पर्दा, ठूला चोटपटक लाग्दा) आदि




## विदेशी भाषा चल्ने अस्पताल

**टेलिफोन नं. 050-5810-5884** **आइची प्रान्त आपतकालीन चिकित्सा जानकारी केन्द्र**

अङ्ग्रेजी (अ) चिनियाँ (चि) कोरियन (को) पुर्तगाली (पु) स्पेनिस (स्पे)

आइची प्रान्त आपतकालीन चिकित्सा जानकारी प्रणालीलाई इन्टरनेटमा सर्च गर्दा

Aichi Medical Information System हालेर इन्टरनेटमा खोज्ने पृष्ठ 6, 23 हेर्नुहोस् अ चि को पु



# विषय सूची


पृष्ठ 3 — नागोया अन्तर्राष्ट्रिय केन्द्र

पृष्ठ 4 — बसोबास

पृष्ठ 6 — अस्पताल / बीमा / पेन्सन

पृष्ठ 7 — काम

पृष्ठ 8 — स्रोत/फोहर छुट्याउने तथा निकाल्ने तरिका

पृष्ठ 10 — विभिन्न प्रक्रियाहरु

पृष्ठ 13 — बालबालिका / शिक्षा

पृष्ठ 15 — वृद्ध / अशक्त व्यक्ति

पृष्ठ 16 — ट्राफिक

पृष्ठ 18 — भूकम्प / हावाहुरी / बाढीबाट हुने क्षति

पृष्ठ 21 — वडा कार्यालय (कु-याकुस्यो) आदिको सम्पर्क स्थल


□सोधपुछ गर्ने ठाउँमा चल्ने भाषा उल्लेख नभएमा, जापानी भाषा मात्र चल्नेछ। दोभासे आवश्यक परेको बेलामा नागोया अन्तर्राष्ट्रिय केन्द्र त्रिपक्षीय टेलिफोन (नागोया कोकुसाइ सेन्टर तोरिओ -फोन) सेवा प्रयोग गर्नुहोस्।




□सोधपुछ स्थलमा विदा हुने दिन विदा भनेर लेखिएको हुन्छ।

□ पर्चा नागोया अन्तर्राष्ट्रिय केन्द्रको वेबसाइटमा उपलब्ध छ।

# नागोया अन्तर्राष्ट्रिय केन्द्र (NIC)

# 名古屋国際センター(NIC)



विदेशी महानुभाव सबैको लागि सूचना काउण्टर वा भेटघाट स्थल प्रदान गर्ने गर्छ। जापानी व्यक्तिसँगको भेटघाट कार्यक्रम या जापानी भाषा कक्षा समेत संचालन गर्ने गरेको छ। अप्ठ्यारो पर्दा निसङ्कोच प्रयोग गर्नुहोस्। (आवरण पृष्ठ हेर्नुहोस्)




भवन खुल्ने समय 9:00 - 19 : 00

052-581-0100

https://www.nic-nagoya.or.jp

NIC NAGOYA | खोज्नुहोस

बिदा: हरेक सोमबार,
डिसेम्बर 29 तारिख देखि जनवरी 3 तारिख,
फेब्रुअरी र अगष्ट महिनाको दोस्रो आइतबार

〒450-0001 Nakamura-Ku Nagono 1-chome, 47 ban 1 gou,
Chikatetsu Sakura-dori Line Kokusai Center Station

## विषयगत परामर्श सेवा



परामर्श नि:शुल्क गरिन्छ। प्रशासनिक परामर्श बाहेकको लागि भने अग्रिम बुकिङ आवश्यक पर्छ।
Tel 052-581-0100 LINE @513gyfyb

| | सेवा दिइने भाषा | सेवा दिने दिन तथा समय |
|---|---|---|
| प्रशासनिक परामर्श | अ पु स्पे चि को फि भि ने इ था | मंगलवार देखि आइतबार सम्म<br>10: 00 देखि 12: 00, 13: 00 देखि 17: 00<br>सेवा प्रदान गरिने सम्बन्धित भाषाको आधारमा समय र मिति फरक हुने छ। |
| प्रशासनिक लेखक द्वारा परामर्श | अ पु स्पे चि को फि भि ने इ था | बुध / आइतबार<br>13: 00 देखि 17: 00<br>सेवा प्रदान गरिने सम्बन्धित भाषाको आधारमा समय र मिति फरक हुने छ। |
| कानुनी परामर्श | अ पु स्पे चि | शनिवार 10:00 देखि 12:30 |
| मानसिक परामर्श | अ पु स्पे चि | बुकिङ गर्दाको समयमा निर्धारण हुने |
| शिक्षा सम्बन्धी परामर्श | अ पु स्पे चि को फि भि ने इ था | बुध / शुक्र / आइतबार 10:00 देखि 17:00<br>सेवा प्रदान गरिने सम्बन्धित भाषाको आधारमा समय र मिति फरक हुने छ। |
| कर सम्बन्धी परामर्श | अ पु स्पे चि | फेब्रुअरी देखि मार्च सम्म आयोजना गरिने |
| नागोया अध्यागमन ब्यूरो द्वारा परामर्श | अ पु स्पे चि को फि भि | प्रत्येक महिनाको चौथो शनिबार<br>13: 00 ~ 17: 00 |

यसको अतिरिक्त, "विदेशी अभिभावक र बच्चाहरु को लागी क्यारियर मार्गदर्शन" जस्ता कार्यक्रमहरू पनि आयोजना गर्दछौं।
थप जानकारीको लागि, कृपया NIC वेबसाइट हेर्नुहोस्।

अ: अङ्ग्रेजी भाषा, चि: चिनियाँ भाषा, को: हन्गुल (कोरियन भाषा), पु: पुर्तगाली भाषा, फि: फिलिपिनि भाषा, स्पे: स्पेनिस भाषा, भि: भियतनामी भाषा, ने: नेपाली भाषा इ: भियतनामी भाषा, था: नेपाली भाषा



# बसोबास

# 住まい（す）



## सार्बजनिक आवास



| | |
|---|---|
| जानकारी | ・ सामान्यता घर जग्गा खरिद बिक्रि व्यवसायी मार्फत खोज्ने गरिन्छ।<br>・ भाडाका घर बारे नागोया अन्तरराष्ट्रिय केन्द्रमा पनि जानकारी प्रदान गरीन्छ।<br>・ कार्य स्थल या विश्वविद्यालय पनि परिचय गराइदिने ठाउँ छन्।<br>・ "सुमाइनो मादोगुची "मा रहेको 『सार्बजनिक आवास परामर्श』 परामर्श आरक्षण(बुकिंग ):052-961-4555 मार्फत गर्न सक्नुहुनेछ |
| ग्यारेन्टर | ・ आवास भाडामा लिँदा "संयुक्त ग्यारेन्टर " या "आपतकालीन सम्पर्क " को आवस्यक पर्न सक्छ। |
| खर्च | ・ डिपोजिट *(सिकिकिन्)*, कि-मनि *(रेइकिन्)*, मध्यस्थकर्ता कमिसन *(च्युउ-खाइ तेसुउ-र्योउ)*, आवास बिमा *(ज्युताकु होकेन्-र्योउ)* लगायतका खर्च आवश्यक पर्छ।<br>・ प्रत्येक महिनाको घरभाडा बाहेक, संयुक्त खर्च (साझा स्थलको विद्युत खर्च, सरसफाइ खर्च) आवश्यक पर्छ। |

## सार्वजनिक आवास

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| बसोबास काउनटर (सुमाइनो मादोगुची)<br><br>◆नगर संचालित आवास *(सिएइ ज्युताकु )* / नगरिय सार्बजनिक संस्थानका आवास *(सी कोउस्या ज्युताकु )*<br>टेलिफोन नं. 052-228-1808<br>◆प्रान्त संचालित आवास *(केन्-एई ज्युताकु)*/ प्रान्तीय सार्वजनिक संस्थानका आवास *(केन् कोउस्या ज्युताकु )*<br>टेलिफोन नं. 052-950-5231<br>◆स्थान: ओएसिस 21 बस टर्मिनल भित्र | सन्चालन् समय 10:00 देखि 19:00<br>विदा हरेक बिहिबार, महिनाको दोस्रो तथा चौथो बुधबार , डिसेम्बर 29 तारिख देखि जनवरी 3 तारिख सम्म<br>यहाँ नगर संचालित आबास र प्रान्त संचालित आबासहरु छन्। यी सबै आबासहरुको लागी आय वा पारिबारिक बनावट लगायतका पूर्व सर्तहरु हुनेछन्<br>नगरले संचालन गर्ने आवास (इप्पान् बोस्यू) को आवेदन फारम वडा कार्यालय तथा तिनका शाखा कार्यालयमा पनि वितरण गरिन्छ।<br>(वर्षमा 4 पटक : मे ,अगष्ट ,नोभेम्बर , फेब्रुअरी )<br> |

## खानेपानी

Nagoya City Water | हालेर इन्टरनेटमा खोज्ने | अ

| | |
|---|---|
| नागोया नगर खानेपानी तथा ढल विभाग<br>*(नागोया-सि ज्योउगे सुइदो क्योकु)*<br>ग्राहक सेवा केन्द्र *(ओ-क्याकु-सामा उकेचुके सेन्ता)*<br>टेलिफोन नं. 052-884–5959 | सम्पर्क समय<br>(सोम देखि शुक्र ) 8:00 देखि 19:00 (शनि-आइत, सार्वजनिक विदाका दिन) 8:00 देखि 17:15<br> |

## विधुत•ग्याँस

विधुत र ग्याँस प्रयोग सुरु गर्ने बारे आवेदन दिंदा विधुत अथवा ग्याँस कम्पनी जुनै सुकैमा आवेदन दिन सकिन्छ।

### ■ च्यूबू देन्-र्योकु विधुत Miraiz

Chubu Electric Power Miraiz | हालेर इन्टरनेटमा खोज्ने | अ



| | |
|---|---|
| सम्झौता रिसेप्शन केन्द्र<br>सम्पर्क 0120-921-691 | सम्पर्क समय: (सोमबार देखि शुक्रबार) 9:00 देखि 19:00<br>(शनिबार・ आइतबार・ सार्वजनिक विदाको दिन) 9:00 देखि 17:00 |



अ: अङ्ग्रेजी भाषा, चि: चिनियाँ भाषा, को: हन्गुल (कोरियन भाषा), पु: पुर्तगाली भाषा, फि: फिलिपिनि भाषा, स्पे: स्पेनिस भाषा, भि: भियतनामी भाषा, ने: नेपाली भाषा इ: भियतनामी भाषा, था: नेपाली भाषा



## तोउहोउ ग्याँस

टोउहोउ ग्यास, बसाईसराई गर्दा | अंग्रेजीमा हालेर खोज्नुहोस्

| | |
|---|---|
| टोउहोउ ग्यास ग्राहक केन्द्र बसाईसराई बिशेष नम्बर<br>फोन 0120-015455 | 24 घण्टा सेवा |

* IP (आईपी) फोन प्रयोग गर्ने ग्राहकहरू・ विदेशबाट सम्पर्क गर्ने ग्राहकहरूका लागि कृपया 052-807-1550 मा कल गर्नुहोस्।

## टेलिफोन

NTT West | हालेर इन्टरनेटमा खोज्ने | अ

| | |
|---|---|
| NTT निसि निहोन्<br>जानकारी<br>टेलिफोन नं. 0120–064337 अ चि को पु | सम्पर्क समय 9 : 00 देखि 17 : 00<br>विदा : शनिवार, आइतवार, सार्वजनिक विदाका दिन।<br>डिसेम्बर 29 तारिक देखि जनवरी 3 तारिख  |

## हुलाक

JP Post | हालेर इन्टरनेटमा खोज्ने | अ

| | |
|---|---|
| हुलाक बारे जानकारी सेवा अ<br>टेलिफोन नं. 0570–046–111  | सम्पर्क समय (सबै दिन): बिहान 8बजेदेखि साझ 9बजे सम्म<br>ठेगाना परिवर्तन भएमा, हुलाक अड्डामा बसाइँ सरेको निवेदन *(तेन्-क्यो तोदोके)* दिएमा, निवेदन दिएको दिनबाट एक वर्ष सम्म पहिलेको ठेगानामा आउने हुलाक सामाग्री नयाँ ठेगानामा ढुवानी गरिन्छ। |

## सहर समिति (जिचि-खाइ)

| | |
|---|---|
| वडा कार्यालय *(कु-याकु-स्यो)* | सदस्यता लिने नलिने स्वैच्छिक हो। तर सदस्यता लियो भने छिमेकीहरुसंग चिनापर्ची हुने जस्ता फाइदाहरू हुन्छन्। भाग लिनको लागि आफू बसिरहेको क्षेत्रको च्योउनाइ-खाइ・जिचि-खाइको प्रमुख संग परामर्श गर्नु होला। च्योउनाइ-खाइ・जिचि-खाइको प्रमुख बारे थाहा नभएमा वडा कार्यालयमा सोध्नुहोला। |

# अस्पताल / बीमा / पेन्सन

びょういん　ほけん　ねんきん
# 病院•保険•年金



## चिकित्सा संस्था बारे जानकारी (विदाका दिन आकस्मिक बिरामी जांच केन्द्र आदि बारे, पृष्ठ 23 हेर्नुहोस्)

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| आइचि प्रान्त आपतकालीन चिकित्सा जानकारी केन्द्र<br>*(आइचि-केन् क्यू-क्यू इर्योउ ज्योउ-होउ सेन्ता)*<br>अ चि को पु स्पे स्वचालित जवाफबाट जानकारी<br>टेलिफोन नं. 050-5810-5884<br>जापानी भाषा<br>टेलिफोन नं. 052-263–1133 | चौबिस घण्टे सेवा<br>Aichi Medical Information System हालेर इन्टरनेटमा खोज्ने अ |



## विदेशी भाषा चल्ने डाक्टर भएको अस्पतालको परिचय

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| नागोया अन्तर्राष्ट्रिय केन्द्र *(नागोया कोकुसाइ सेन्ता)*<br>अ चि को पु स्पे फि भि ने इ था<br>टेलिफोन नं. 052-581-0100 | सम्पर्क समय 9:00 देखि 19:00<br>भाषा अनुसार सेवा दिने दिन तथा समय फरक पर्छ।<br>विदा : हरेक सोमवार, डिसेम्बर 29 तारिख देखि जनवरी 3 तारिख, फ़ेब्रुअरि तथा अगष्ट महिनाको दोस्रो आइतवार |

## चिकित्सा अनुवाद सेवा प्राप्त गर्न सकिने अस्पतालको परिचय

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| आइचि चिकित्सा अनुवाद सेवा प्रणाली सञ्चालन कार्यालय *(आइचि इर्योउ चुउयाकु सिसुतेमु उन्एइ जिमु-क्योकु)*<br>टेलिफोन नं. 050-3816-7465 | सम्पर्क समय (कार्यालय खुल्ने दिन) 9:00 देखि 17:30<br>Aichi Medical Interpretations System हालेर इन्टरनेटमा खोज्ने<br>सेवाको आधारमा उपलब्ध भाषाहरू फरक हुनेछ ।<br>अ चि पु स्पे फि भि ने अरु ५ भाषाहरुमा उपलब्ध |



## नागरिक स्वास्थ्य बीमा (कोकुमिन केन्को होकेन)

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| वडा कार्यालय वा तिनका शाखा | (लक्षित वर्ग) जापानमा 3 महिना भन्दा बढी बसोबास गरेका तर कार्यस्थलको चिकित्सा बीमा नगरेका व्यक्ति, 75 वर्ष भन्दा कम उमेरका व्यक्ति।<br>यदि तपाईंले आफ्नो बीमा कार्ड अस्पतालमा प्रस्तुत गर्नुभयो भने, तपाईंले चिकित्सा चिकित्सा खर्च केहि मात्रामा मिनाहा हुनेछ |



## नागरिक पेन्सन *(कोकुमिन नेन्किन)*

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| वडा कार्यालय वा तिनका शाखा | (लक्षित वर्ग) व्यक्तिगत व्यवसायी या विद्यार्थी आदि 20 वर्ष वा सो भन्दा माथि र 60 वर्ष भन्दा कम उमेरका व्यक्ति।<br>• आय जतिनै भए पनि, बीमा शुल्क बारबार रकम भुक्तानी नगरी हुँदैन। |



अ: अङ्ग्रेजी भाषा, चि: चिनियाँ भाषा, को: हन्गुल (कोरियन भाषा), पु: पुर्तगाली भाषा, फि: फिलिपिनि भाषा, स्पे: स्पेनिस भाषा, भि: भियतनामी भाषा, ने: नेपाली भाषा इ: भियतनामी भाषा, था: नेपाली भाषा

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| | • विद्यार्थी र आय थोरै भएर भुक्तानी गर्न गाह्रो पर्दा भने आवेदन द्वारा बिमा शुल्क भुक्तानी गर्न छुट वा समय सार्न मिल्ने प्रणाली हुन्छ।<br>विस्तृत जानकारीका लागि पर्चा/पम्प्लेट हेर्नुहोला। "राष्ट्रिय पेन्सन प्रणाली" अंग्रेजी, चिनियाँ, हन्गुल (कोरियन), पुर्तुगाली, फिलिपिनी, स्पेनिस, भियतनामी, नेपाली अ चि को पु स्पे फि भि ने<br>※ त्यस बाहेक, इन्डोनेसियन, थाई, म्यान्मार (बर्मिज), कम्बोडियन, रूसी, मंगोलियन भाषा |
| जापान पेन्सन संघ *(निहोन नेन्किन किको)*<br>अथवा पेन्सन कार्यालय<br>टेलिफोन नं. 0570-05-1165 | बीमा शुल्क 6 महिना वा सो भन्दा बढी भुक्तानी गरेको भए, जापान छोडेको 2 वर्ष भित्रमा माग गरेमा, देश फिर्ती हुँदाको एकमुष्ट रकम *(दात्ताइ इचिजि-किन्)* प्राप्त गर्न सकिन्छ।<br>विस्तृत जानकारीका लागि पर्चा/पम्प्लेट हेर्नुहोला। "राष्ट्रिय पेन्सन प्रणाली" अंग्रेजी, चिनियाँ, हन्गुल (कोरियन), पुर्तुगाली, फिलिपिनी, स्पेनिस, भियतनामी, नेपाली अ चि को पु स्पे फि भि ने<br>※ त्यस बाहेक, इन्डोनेसियन, थाई, म्यान्मार (बर्मिज), कम्बोडियन, रूसी, मंगोलियन भाषा |

## स्याहार सुसार बीमा (खाइगो होकेन)

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| वडा कार्यालय वा तिनका शाखा<br> | (लक्षित) जापानमा 3 महिना भन्दा बढी बसोबास गरेको व्यक्ति, जसको उमेर 40 वर्ष वा सो भन्दा बढी छ।<br>• बीमा शुल्क आय आदि द्वारा निर्धारण हुने भएकोले भुक्तानी नगरि हुँदैन। (40 वर्ष देखि 64 वर्ष सम्मको व्यक्तिले चिकित्सा बीमा शुल्क संगै भुक्तानी गर्नु पर्दछ।)<br>• 65 वर्ष भन्दा माथिका व्यक्तिलाई स्याहार सुसार या सहयोग आवश्यक पर्दा, स्याहार सुसार सेवा प्राप्त गर्न सकिन्छ। (40 वर्ष देखि 64 वर्षको व्यक्तिमा बुढ्यौलीले गरेर लाग्ने 16 किसिमका रोग द्वारास्याहार सुसार या सहयोग आवश्यक परेमा प्राप्त गर्न सकिन्छ।)<br>• स्याहार सुसार सेवा प्रयोग गर्नु भन्दा पहिले, स्याहार सुसार आवश्यकता प्रमाणीकरण *(योउ खाइगो निन्तेइ तोउ)* प्राप्त गर्नु पर्ने हुन्छ।<br>• लागेको खर्चको १०%२०%अथवा ३०%मात्र तिरेर सेवा प्राप्त गर्न सकिन्छ। |



# काम
しごと
仕事



## पेसा बारे परामर्श, परिचय

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| विदेशी व्यक्तिको लागि रोजगारी सेवा केन्द्र *(गाइ-कोकु-जिन् कोयोउ साबिसु सेन्ता)*<br>टेलिफोन नं. 052-855-3370<br>अ चि पु स्पे फि*1 युक्रेनीभाषा *2 | सम्पर्क समय (कार्यालय सञ्चालन हुने दिन) 9:15 देखि 12:00, 13:00 देखि 17:15<br>*1 फि (बुधवार देखि शुक्रवार) *2 युक्रेनीभाषा (बुधवार मात्र)<br>Nagoya Employment Foreigner हालेर इन्टरनेटमा खोज्ने अ चि पु स्पे |

## श्रमिकको लागि परामर्श

| सोधपुछ स्थल | विषयवस्तु |
|---|---|
| आइचि श्रम विभाग, विदेशी श्रमिकको लागि परामर्श कक्ष (आइचि रोउदोउ क्योकु गाइकोकु-जिन् रोउदोउ-स्या सोउदान् कोना)<br>अ पु<br>टेलिफोन नं. 052-972-0253 | सम्पर्क समय Aichi Labour Bureau हालेर इन्टरनेटमा खोज्ने अ<br>अ : मङ्गलबार / बिहीबार<br>9 : 30 देखि 12 : 00, 13 : 00 देखि 16 : 00<br>पु : मङ्गलबार देखि शुक्रबार<br>9 : 30 देखि 12 : 00, 13 : 00 देखि 16 : 00 |
| नागोया निशी श्रम मानक सुपरिवेक्षण कार्यालय<br>विदेशी कामदारहरूको लागि परामर्श कुना<br>वि फोन 052-972-0253 | रिसेप्शन समय<br>बिहीबार 9:30 ~ 12:00, 13:00 ~ 16:00 |





# स्रोत / फोहर छुट्याउने तथा निकाल्ने तरिका

## 資源(しげん)・ごみの分(わ)け方(かた)・出(だ)し方(かた)



- स्रोत / फोहरका प्रकार अनुसार छुट्याएर निर्धारित झोलामा हालेर निकाल्नुहोस्।
- स्रोत / फोहर निकाल्ने समय भनेको उक्त दिनको बिहान 8 बजे (नाका-कु मा भने 7 बजे) सम्म हो।
- विदाको दिनमा पनि निकाल्न सकिन्छ (वर्षान्त तथा वर्षको सुरुवातको विदाका दिनहरु बाहेक )।
- निर्धारित झोलाहरु सुपरमार्केट, सुविधा स्टोरहरुमा खरिद गर्न सकिन्छ।
- वडा कार्यालय र पर्यावरण कार्यालयहरुमा नागोया स्रोत, फोहोर विभाजन गाइड तल उल्लेखित भाषाहरुमा उपलब्ध छन्।

( अ चि को पु स्पे फि भि ने उर्दू भाषा )।

* कृपया विस्तृत विवरणका लागि सिटि कार्यालयको आधिकारिक वेबसाइट या एप्लिकेसन (3R) हेर्नुहोस्। ➡

さんあ～る(3R)
for iPhone
for Android

| राख्ने स्थान | छुट्याउने प्रकार | लक्षित | पटक सङ्ख्या | निर्धारित झोला |
|---|---|---|---|---|
| कृपया अनिवार्य घरको अगाडी | जल्ने फोहर | · भान्साको गल्ने फोहर, छालाका सामान<br>· घाँस, सानोतिनो हाँगा, डायपर<br>· रबरका सामान, फाइबरका सामान<br>· टिस्यु पेपर<br>· प्लास्टिक उत्पादनहरू (धातु र मिश्रित उत्पादनहरू)<br>* 30 cm को परिधि नाघेका वस्तुहरू, वृहदाकार फोहर भित्र पर्दछ।  | हप्ताको 2 पटक |  |
| | प्रज्वलनशील खतरायुक्त वस्तु | · स्प्रे क्यानहरू * खोल्नु आवश्यक छैन<br>· प्रयोग गरि फयाँक्ने लाइटहरू<br>· ठोस अवस्थाका इन्धन (क्यानमा प्याक भएको वस्तु)<br>· खानेचु ताबाको, इलेक्ट्रोनिक चुरोट (देनसी ताबाको)  | |  ★ |
| | नजल्ने फोहर | · शिशाका टुक्रा, सेरामिक्सका टुक्रा<br>· छाता<br>· साना खालका धातुका सामान<br>* 30 cm को परिधि नाघेका वस्तुहरू, वृहदाकार फोहर भित्र पर्दछ।  | |  |
| | वृहदाकार फोहर (सशुल्क)◆<br>अग्रिम आवेदनको आवश्यक पर्दछ (आवेदन कम्तीमा संकलन मिति भन्दा 7 दिन अघि) | 30 सेन्टिमीटर वर्ग भन्दा ठूला वस्तुहरू<br>टेलिफोन आवेदन (ठूलो आकारको फोहोर संकलन केन्द्र) नं. 0120-758-530<br>मोबाइल फोन वा आइचि प्रान्त बाहिरबाट भने टेलिफोन नं. 052–950–2581  | महिनामा 1 पटक | अनलाइन आवेदन कोलागी यहाँ क्लिक गर्नुहोस् |
| | ब्याट्रीहरु | ड्राई ब्याट्री<br>लिथियम ब्याट्री<br>सिक्का जस्तो खालको ब्याट्री<br>स्यानो र रिचार्जेबल ब्याट्री (मोबाइल ब्याट्री सहित)<br>देखनसक्ने सामग्री भएको शहरले तोकेबहेकोको पारदर्शी झोलामा हालेर फल्नुहोस।  | हप्तामा 1 पटक | शहरले तोकेको झोला नभइ यसलाई रङ्गहीन र पारदर्शी झोलामा राख्नुहोस्।  |
| | प्लास्टिक स्रोतहरू | 【प्लास्टकि कन्टेनर र प्याकेजङि】<br>· बोतलहरू (प्लास्टकिका बोतलहरू बाहेक) · कपहरू<br>· प्याकहरू · प्लास्टकिका झोलाहरू<br>· र्‍याप हरू · बफरहरू इत्यादी <br>【प्लास्टकिक सामानहरु (प्लास्टकिबाट बनेका सामानहरूमा मात्र सीमति)】<br>दाँत ब्रश, बाल्टनि, ह्याङ्गर<br>टपरवेयर, धुने बेसनि , आदि<br>*30 सेन्टीमटिर वर्गभन्दा माथकिा वस्तुहरूलाई ठूलो फोहोर माननि्छ।  | |  ★ |



अ: अङ्ग्रेजी भाषा, चि: चिनियाँ भाषा, को: हन्गुल (कोरियन भाषा), पु: पुर्तगाली भाषा, फि: फिलिपिनि भाषा, स्पे: स्पेनिस भाषा, भि: भियतनामी भाषा, ने: नेपाली भाषा इ: भियतनामी भाषा, था: नेपाली भाषा

| छुट्याउने प्रकार | लक्षित | पटक सङ्ख्या | निर्धारित झोला |
|---|---|---|---|
| प्लास्टिकका पेय पदार्थका बोतल<br>PET | पेय पदार्थ, रक्सी, मिरिनहरू, सोयु, मरमसला, भेनेगरका पेट बोतल<br>(सुपर मार्केट,वडा कार्यालय हरुमा पनि सङ्कलन गरिन्छ)<br>* कृपया बिर्को र लेबल हटाउनुहोस्।<br>* स्रोतको लागि निर्धारित झोलामा हालेर स्थानीय स्रोत राखिने स्थानमा राख्नुहोस्।<br> | हप्तामा 1 पटक |  ★ |
| खाली शिशी | पेय पदार्थ, खाद्यान्न, श्रृङ्गारका सामान राख्न प्रयोग हुने खाली शिशी<br>स्रोतजन्य फोहर निकाल्ने ठाउँमा हुने निलो रङ्गको टोकरीमा राखिदिनुहोस्।<br> | |  |
| खाली क्यान | पेय पदार्थ, खाद्यान्न राख्ने खाली क्यान<br>【नाका-कु, मिनातो-कु बाहेकका ठाउँ】<br>* स्रोतको लागि निर्धारित झोलामा हालेर स्थानीय स्रोत राखिने स्थानमा राख्नुहोस्।<br>【नाका-कु, मिनातो-कु】<br>स्रोतजन्य फोहोर निकाल्ने ठाउँमा हुने पहेलो रङ्गको टोकरीमा राखिदिनुहोस्।<br> | | 【नाका-कु, मिनातो-कु बाहेकका ठाउँ】<br> ★<br>【नाका-कु, मिनातो-कु】<br> |
| कागज कन्टेनर र प्याकेजिङ्ग/विविध कागज हरु | 【पेपर कन्टेनर, प्याकेजिङ】 紙<br>・ पेपर बक्स ,पेपर झोला,र्‍यापिंग पेपर,कपहरु ・ कागजको ढक्कनहरु<br>・ रक्सी र जुस प्याकहरू (अलिमिनियम लेखियका बस्तुहरु ) आदि।<br><br>【विविध कागज हरु】<br>・ फ्लायर, पर्चा ・ प्रतिलिपि कागज<br>・ मेमो पेपर, मूल्य ट्याग, ट्वाइलेट पेपर रोल, आदि।<br>कागजका कन्टेनरहरू, प्याकेजिङ र विविध वस्तुहरू सँगै हालेर तोकिएको संकलन गर्ने ठाउमा राख्नुहोस ।<br><br> | |  ★ |
| कागजको प्याक<br>紙パック | पेय पदार्थ राख्ने, भित्री भाग सेतो भएको चिज (गाईको दुधको प्याक आदि)<br>सुपर मार्केट, वडा कार्यालय *(कु-याकु-स्यो)* आदिमा हुने सङ्कलन बाकसमा हाल्दिनुहोस्।<br> | | |
| फ्लोरोसेंट ट्युब, पानि थर्मामीटर, पारा थर्मामीटर | 【फ्लोरोसेंट ट्युब】<br>कृपया यसलाई फ्लोरोसेंट ट्युब मर्मत केन्द्र या भण्डारमा लैजनुहोस। प्रत्येक पर्यावरण कार्यालय वा घरायाशी विद्युतीय उपकरण पसल या इलेक्ट्रोनिक्स डीलर/केन्द्रमा लिएर जानुहोस।<br>【पानि थर्मामीटर, पारा थर्मामीटर】<br>कृपया यसलाई प्रत्येक वार्डको पर्यावरण कार्यालयमा ल्याउनुहोस्। | | |
| साना उपकरण / रिचार्ज गर्न मिल्ने उपकरणहरू | साना उपकरण : लम्बाइ 15 से.मी. × चौडाइ 40 से.मी. × गहिराइ 25 से.मी. भन्दा कमका साना घरायसी विद्युतीय उपकरण<br>ठुला सुपरमार्केट, वडा कार्यालय, पर्यावरण कार्यालय आदिमा सङ्कलन गरिन्छ।<br>रिचार्ज गर्न मिल्ने उपकरणहरू: साना आकारका घरेलु उपकरणको आकार भन्दा ठुलो आकारका रिचार्ज गर्न मिल्ने घरेलु उपकरणहरू<br>प्रत्येक वार्डको पर्यावरण कार्यालयमा सङ्कलन गरिन्छ।<br>सोधपुछ स्थल : वातावरण ब्यूरो, संसाधन परिसंचरण प्रवर्द्धन विभाग नं. 052-972-2379 | | |
| खाध्य तेल | कृपया तपाईंले प्रयोग गरिएको खाना पकाउने तेललाई 700ml वा सोभन्दा कमको प्लास्टिकको बोतलमा हालेर ,ठूला सुपरमार्केटहरू इत्यादिमा लैजानु होला ।<br>ठूलाठूला सुपरमार्केटमा राखिने सङ्कलन बाकसमा हालिदिनुहोस्।<br>सोधपुछ स्थल : वातावरण ब्यूरो, संसाधन परिसंचरण प्रवर्द्धन विभाग नं. 052-972-2379 | | |
| अखबार, पत्रिका, कार्डबोर्ड-बाकस, लुगा कपडा | आवसिय क्षेत्रको सामूहिक स्रोत सङ्कलन या रिसाइकल स्टेशन,<br>पुराना कागज रिसाइकल केन्द्र प्रयोग गर्नुहोस्।<br>सोधपुछ स्थल : वातावरणीय स्रोत पुनर्चक्रण योजना विभाग<br>टेलिफोन नं. 052-972-2398<br>  | | |

सोधपुछ स्थल : पर्यावरण विभाग, कार्य शाखा *(खान्क्योउ क्योकु साग्योउ-खा)* टेलिफोन नं. 052-972-2394

★ निर्धारित झोलाको अतिरिक्त, ``घरमा नचाहिने रङहीन पारदर्शी झोलाहरू' पनि प्रयोग गर्न सकिन्छ।

◆ एयर कन्डिसन, टेलिभिजन, रेफ्रिजेरेटर/फ्रीज, वाशिंग मेशिन र क्लोथ ड्रायर जस्ता सामग्रीहरु नगर कार्यालयबाट फोहोरको रुपमा संकलन गरिदैन। कृपया घरायाशी बिधुतिय सामाग्री वितरकलाई सोध्नुहोस या तोकिएको स्थानसम्म आफै लिएर जानुहोस।

# विभिन्न प्रक्रियाहरु

かくしゅ　て つづ
## 各種手続き





### ■जापान भित्र आएपछि

| | |
|---|---|
| ☐ | बसोबास दर्ता *(ज्युमिन् तोउरोकु)* |
| ☐ | स्वास्थ्य बीमा, पेन्सन, हेरविचार बीमा सम्बन्धी निवेदन |
| ☐ | बच्चाको चिकित्सा खर्चको अनुदान , शिशु भत्ता |
| ☐ | बच्चाको स्कुल भर्ना , चाइल्ड केयरहरुमा भर्ना गर्ने प्रक्रिया |
| ☐ | नामको छाप (इन्खान्) बनाउने |
| ☐ | बैङ्क खाता खोल्ने |
| ☐ | जीवनरेखा (खानेपानी, ग्याँस, विद्युत, टेलिफोन) |



### ■विवाह

| | |
|---|---|
| ☐ | विवाह दर्ता *(कोन्-इन् तोदोके)* |
| ☐ | बसोबास दर्ता |
| ☐ | नामको छाप दर्ता *(इन्खान् तोउरोकु)* सम्बन्धी आवेदन |
| ☐ | स्वास्थ्य बीमा, पेन्सन सम्बन्धी निवेदन |
| ☐ | सवारी चालक प्रमाणपत्र |

### ■बच्चा जन्म हुँदा

| | |
|---|---|
| ☐ | जन्म दर्ता निवेदन (14 दिन भित्र) मातृशिशु स्वास्थ्य हाते पुस्तिका निवेदन *(बोसि केन्कोउ तेच्योउ तोदोके-दे)* |
| ☐ | बच्चा जन्मेको प्रमार्ण-पत्र (रिपोर्ट)(स्वास्थ्य केन्द्र) |
| ☐ | सुत्केरी तथा शिशु स्याहार भत्ता *(स्युस्सान इकुजी इचिजि-किन)* |
| ☐ | स्वास्थ्य बिमा |
| ☐ | बच्चाको चिकित्सा खर्च अनुदान |
| ☐ | शिशु भत्ता |
| ☐ | नागोया अध्यागमन विभागमा आवेदन (30 दिन भित्र) |

### ■छोडपत्र

| | |
|---|---|
| ☐ | छोडपत्र दर्ता |
| ☐ | बसोबास दर्ता |
| ☐ | नामको छाप दर्ता *(इन्खान् तोउरोकु)* सम्बन्धी आवेदन |
| ☐ | स्वास्थ्य बीमा, पेन्सन सम्बन्धी निवेदन |
| ☐ | सवारी चालक प्रमाणपत्र |
| ☐ | अध्यागमन ब्यूरोमा सूचना दिनु पर्ने अवधि (14 दिन भित्र)<br>("जापानीको श्रीमान् वा श्रीमती *(निहोन्-जिन्-नो हाइगुउ-स्या तोउ)*", "स्थायी बसोबासीको श्रीमान् वा श्रीमती *(एइज्यु-स्याको हाइगुउ-स्या तोउ)*", "पारिवारिक बसोबासी (खाजोकु ताइजाइ)" जाईर्यु सिखाकु (बसोबासको योग्यता) भएकाहरूका लागि मात्र) |

### ■मृत्यु

| | |
|---|---|
| ☐ | मृत्यु दर्ता निवेदन पत्र (7 दिन भित्र) |
| ☐ | स्वास्थ्य बीमा, पेन्सन, हेरविचार बीमा(खाइगो होकेन) सम्बन्धी निवेदन |
| ☐ | विभिन्न भत्ता, विभिन्न हाते पुस्तिकाहरू |
| ☐ | चिकित्सा लाभहरू सम्बन्धी प्रक्रिया |
| ☐ | जीवनरेखा (खाने पानी, ग्याँस, विधुत, बैंक, टेलिफोन) |
| ☐ | आवसी कार्ड फिर्ता (अध्यागमन विभागमा 14 दिन भित्र) |
| ☐ | अध्यागमन ब्यूरोमा सूचना दिनु पर्ने अवधि (14 दिन भित्र)<br>विवाह भएको व्यक्तिको मृत्यु भएमा जस्तै, " जापानी व्यक्तिको श्रीमान वा श्रीमती", "स्थाई<br>बसोबासीको श्रीमान या श्रीमती", पारिवारीक भिसा" मा बसिरहेका व्यक्तिको हकमा आवेदन दिन आवश्यक पर्दछ। |


अ: अङ्ग्रेजी भाषा, चि: चिनियाँ भाषा, को: हन्गुल (कोरियन भाषा), पु: पुर्तगाली भाषा, फि: फिलिपिनि भाषा, स्पे: स्पेनिस भाषा, भि: भियतनामी भाषा, ने: नेपाली भाषा इ: भियतनामी भाषा, था: नेपाली भाषा

| प्रक्रिया | सोधपुछ स्थल | विषयवस्तु |
|---|---|---|
| बसाई सराई  | वडा कार्यालय वा तिनका शाखा | बसाई सर्नु अघि, पहिला बसेको ठाउँबाट बसाई सर्ने निवेदन लिएर (नागोया नगर भित्र बसाई सर्ने बेला भने, बसाई दर्ता आवश्यक नपर्ने। ) बसाई सरिआएको 14 दिन भित्र नयाँ बसोबास गर्ने ठाउँमा बसाई सरिआएको निवेदन पेश गर्न आवश्यक पर्दछ। |
| विवाह दर्ता | वडा कार्यालय वा तिनका शाखा | राष्ट्रियता अनुसार प्रक्रियाको विषयवस्तु फरक पर्न पनि सक्छ। साथै, “जापानीको श्रीमान् वा श्रीमती *(निहोन्-जिन्-नो हाइगुउ-स्या तोउ)*”, “स्थायी बसोबासीको श्रीमान् वा श्रीमती *(एइज्यु-स्याको हाइगुउ-स्या तोउ)*”, “पारिवारिक बसोबासी *(खाजोकु ताइजाइ)*” आदिका भिसा भएका व्यक्तिले छोडपत्र गर्दा, 14 दिन भित्रमा, अध्यागमन विभागमा पनि निवेदन पेस गर्नु पर्दछ। |
| छोडपत्र दर्ता | वडा कार्यालय वा तिनका शाखा | |
| जन्म दर्ता | वडा कार्यालय वा तिनका शाखा | पृष्ठ 13 हेर्नुहोस् |
| मृत्यु दर्ता | वडा कार्यालय वा तिनका शाखा | मृत्यु भएको थाहा पाएको 7 दिन भित्र निवेदन नदिइ हुँदैन। साथै, 14 दिन भित्र अध्यागमन विभागमा बसोबास कार्ड *(जाइर्यु कार्ड)* फिर्ता नगरि हुँदैन। बिवाह भएको ब्यक्तिको मृत्यु भएमा जस्तै, “ जापानी व्यक्तिको श्रीमान् वा श्रीमती” , “स्थायी बसोबासीको श्रीमान् वा श्रीमती” , “पारिवारिक भिसा” मा बसिरहेका व्यक्तिले आफ्नो पति/पत्नीको मृत्यु भएको कुरा 14 दिन भित्र अध्यागमन विभागमा निवेदन पेस नगरि हुँदैन। |
| नामको छाप दर्ता *(इन्खान् तोउरोकु)*  | वडा कार्यालय वा तिनका शाखा | जापानमा साइन् गर्नुको सट्टामा आफ्नो नाम या थर कुँदेर बनाएको इन्खान् भनिने छाप प्रयोग हुने गर्छ। सार्वजनिक रूपमा दर्ता गरि राखिएको इन्खान् लाई “जिचु-इन्” भनिन्छ, जिचु-इन् को छाप लगाउने र जिचु-इन् दर्ता गरेको प्रमाणपत्र सँगै पेस गर्दा, त्यस व्यक्तिको कार्यलाई कानुनी मान्यता दिइन्छ। |
| व्यक्तिगत नगरपालिका कर/प्रिफेक्चरल कर,वन वातावरण कर | साकाए नगर कर अफिस *(साकाए-सि जेइ जिमुस्यो)* (चिकुसा, हिगासि, किता, नाका, मामोरि यामा, मेइतोउ-कुहरूमा बसोबास गर्ने व्यक्ति) टेलिफोन नं. 052-959-3303<br><br>होन्जिन शहर कर कार्यालय *(सासासिमा- सि जेइ जिमुस्यो)* ( निसी , नकामुरा , नकागावा , मिनातो-कु मा बस्ने व्यक्ति) टेलिफोन नं 052-433-4021<br><br>कानायामा नगर कर अफिस *(कानायामा-सि जेइ जिमुस्यो)* (स्योउवा, मिजुहो, आचुता, मिनामी, मिदोरी, तेन्पाकु-कु मा बस्ने व्यक्ति ) टेलिफोन नं 052-324-9804 | ・ जनवरी 1 तारिखमा जापान भित्र ठेगाना भएको व्यक्तिले, त्यस जनवरी 1 तारिखमा बसोबास गरि रहेको गाउँ/नगरपालिकामा त्यस वर्षको जनवरी देखि डिसेम्बर सम्मको आय अनुरूप बसोबास कर *(ज्युमिन् जेइ)* भुक्तानी गर्न आवश्यक पर्छ। साथै निवासी करको अतिरिक्त,तपाईंले वन वातावरण कर पनि तिर्नुपर्नेछ,जुन राष्ट्रिय कर अन्तर्गत पर्दछ।<br>・ बसोबास कर *(ज्युमिन् जेइ)* लाई, राष्ट्रिय कर *(कोकु जेइ)* स्वरूप लाग्ने आय कर बाहेक, क्षेत्रीय कर *(चिहोउ जेइ)*, नगरीय कर *(सिमिन् जेइ)*, प्रान्तीय कर *(केन्मिन् जेइ)* मा वर्गीकरण गर्न सकिन्छ।<br>・ बसोबास कर *(ज्युमिन् जेइ)*को रकम, तलबको रकम, आश्रित परिवारको सङ्ख्या आदि अनुसार फरक पर्दछ।<br>・ विस्तृत विवरणका लागि, पम्पलेट हेर्नहोस्।<br>“जापानको लागि व्यक्तिगत कर प्रणालीको मार्ग निर्देशिका *(निहोन्-नि ओकेरु कोजिन्-जेइ नो तेबिकि)*” अ<br>“बसोबास कर *(ज्युमिन् जेइ)* को भुक्तानी बारेमा ज्युमिन् जेइ नो नोउजेइ नि चुइते)” अ चि को पु स्पे भि ने |



<table>
<tr><th>प्रक्रिया</th><th>सोधपुछ स्थल</th><th colspan="2">विषयवस्तु</th></tr>
<tr><td rowspan="4">कर सम्बन्धि बारे निवेदन पेश</td><td colspan="3">जापानसँग कर सम्बन्धी सन्धि गरेका राष्ट्रका बासिन्दाको हकमा आय प्रति करमा छुट पाउने केस हुन पनि सक्छ।</td></tr>
<tr><td>नागोया नाका कर कार्यालय<br>*(नागोया-नाका जेइमु-स्यो)*<br>(नाका-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-962-3131</td><td>नागोया हिगासि कर कार्यालय<br>*(नागोया-हिगासि जेइमु-स्यो)*<br>(हिगासि-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-931-2511</td><td>चिकुसा कर कार्यालय<br>*(चिकुसा जेइमु-स्यो)*<br>(चिकुसा-कु, मेइतोउ-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-721-4181</td></tr>
<tr><td>नागोया किता कर कार्यालय<br>*(नागोया-किता जेइमु-स्यो)*<br>(किता-कु, मामोरि-यामा-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-911-2471</td><td>नागोया निसि कर कार्यालय<br>*(नागोया-निसि जेइमु-स्यो)*<br>(निसि-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-521-8251</td><td>नागोया नाका-मुरा कर कार्यालय *(नागोया-नाका-मुरा जेइमु-स्यो)* (नाका-मुरा-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-451-1441</td></tr>
<tr><td>नागोया स्योउ-वा कर कार्यालय<br>*(नागोया-स्योउ-वा जेइमु-स्यो)*<br>(स्योउ-वा-कु, मिजुहो-कुमा बस्ने व्यक्ति<br>टेलिफोन नं. 052-881-8171</td><td>नागोया आचुता कर कार्यालय<br>*(आचुता जेइमु-स्यो)*<br>(आचुता -कु, मिनामि-कु, मिदोरि-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-881-1541</td><td>नागोया नाका-गावा कर कार्यालय<br>*(नागोया-नाका-गावा जेइमु-स्यो)*<br>(नाका-गावा-कु, मिनातो-कुमा बस्ने व्यक्ति)<br>टेलिफोन नं. 052-321-1511</td></tr>
<tr><td>अन्तर्राष्ट्रिय सवारी लाइसेन्स, विदेशको सवारी लाइसेन्स<br><br>* सवारी चलाउदा आप्रबाशी रहेको पुस्टिकरन हुनुपर्ने भएकोले आप्रबाशी प्रमाणपत्र (जस्तै: पासपोर्ट) साथमा राखी सवारी चलाउनुहोस!<br></td><td>सवारी चालक इजाजतपत्र विभाग (आइची प्रिफेक्चरल प्रहरी)<br>टेलिफोन नं. 052-951-1611</td><td colspan="2">■ जापानमा सवारी चलाउनको लागि निम्न लाइसेन्स भएमा पाइन्छ।<br>1) जेनेभा सन्धिमा आधारित अन्तर्राष्ट्रिय सवारी लाइसेन्स<br>2) विदेशको सवारी लाइसेन्स (स्विट्जरल्याण्ड, जर्मनी, फ्रान्स, बेल्जियम, ताइवान, मोनाको) (* लाइसेन्स जारी गर्ने निकाय अथवा जापानमा रहेको राजदूतावास, महाबाणिज्य दूतावास, अथवा, जापान ओटोमोबाइल सङ्घ (JAF) ले तयार गरि जापानी भाषामा अनुवाद गरेको कागजात नथ्थी गर्न आवश्यक पर्छ)<br>■ जापानमा सवारी चलाउन पाउने अवधि<br>जापानमा आएको दिन देखि 1 वर्ष अथवा सवारी लाइसेन्स बहाल रहने अवधिभित्र मात्र लागू हुने। (तथापि, बसोवासी आधारभूत ढड्डा *(ज्युमिन् किहोन् दाइच्योउ)* मा दर्ता भएको व्यक्ति जापानबाट बाहिर गएको पुष्टि वा पुनर्आगमनको अनुमति *(साइ-न्यूकोकु क्योखा)* लिएर जापान बाहिर गइ, 3 महिना भन्दा कम समयमै जापान फर्किए, दिन गन्ति गर्दा सर्वप्रथम जापानमा टेकेको दिनबाट सुरु गर्न सकिन्छ। )</td></tr>
<tr><td>जापानको सवारी लाइसेन्स प्राप्ति</td><td>सवारी लाइसेन्स परीक्षा स्थल<br>*(उन्तेन् मेन्क्यो सिकेन् ज्योउ)*<br>टेलिफोन नं. 052-800-1352</td><td colspan="2">विदेशको सवारी लाइसेन्स भएर निम्न सर्त पुरा हुने व्यक्तिको लागि जापानमा सवारी चलाउन सक्ने-नसक्ने परीक्षण तथा पुष्टि गरेर, सवारी लाइसेन्स परीक्षाको केही भाग (लिखित परीक्षा ट्रायल परीक्षा) छुट हुने गर्दछ।<br>• विदेशको लाइसेन्स प्राप्त गरेपछि, उक्त राष्ट्रमा 3 महिना वा सो भन्दा बढी रहेको कुरा प्रमाणित गर्नुपर्ने (पासपोर्ट आदि बसोबास गरेको अवधि प्रमाणित गर्ने कागजात आवश्यक हुने)।<br>• विदेशको लाइसेन्सको म्याद सकिएको हुनु नहुने।</td></tr>
</table>

# बालबच्चा / शिक्षा

## 子(こ)ども・教育(きょういく)





## गर्भवती हुँदा

| प्रक्रिया | सोधपुछ स्थल | विषयवस्तु |
|---|---|---|
| गर्भवती भएको निवेदन पेस  | स्वास्थ्य केन्द्र *(होकेन्-सेन्टर)* | आमा तथा बच्चाको स्वास्थ्य अवस्था रेकर्ड राख्ने मातृशिशु स्वास्थ्य हाते पुस्तिका *(बोसि केन्कोउ तेच्योउ)* प्रदान गरिन्छ। साथै, सँगैको अर्को पुस्तिका भने, मातृ स्वास्थ्य परीक्षण या शिशुको अवस्था जाँच पत्रहरू रहेको हुन्छ। |

## बच्चाको जन्म भएपछि

| प्रक्रिया | सोधपुछ स्थल | विषयवस्तु |
|---|---|---|
| जन्म दर्ता *(स्युस्योउ तोदोके)*  | वडा कार्यालय वा तिनका शाखा | जन्मेको दिन बाट 14 दिन भित्रमा निवेदन पेस नगरि हुँदैन। मातृशिशु स्वास्थ्य हाते पुस्तिका *(बोसि होकेन् तेच्योउ)* लिएर आउनुहोस्। भर्खरै जन्मेको बच्चा जापानमा अझै 60 दिन वा सो भन्दा बढी दिन रहने योजना भएमा, अध्यागमन विभागमा पनि 30 दिन भित्र भिसा प्राप्तिको लागि आवेदन आवश्यक पर्दछ। यदि बच्चाको आमाबाबु वा आमाबाबु मध्ये कुनै एक विदेशी मुलका नागरिक भएमा बच्चा जन्मेको जानकारी उक्त देशमा दिनु आवश्यक पर्दछ। प्रक्रियाको तरिका देश/क्षेत्र अनुसार फरक हुन सक्दछ। कृपया राजदूतावास वा बाणिज्य दूतावासमा सम्पर्क गर्नुहोस। |
| बच्चा जन्मेको रिपोर्ट गर्ने *(स्युस्योउ होउकोकु)* | स्वास्थ्य केन्द्र *(होकेन्-सेन्टर)* | मातृशिशु स्वास्थ्य हाते पुस्तिका *(बोसि होकेन् तेच्योउ)* सँगै को अर्को पुस्तिकामा हुने बच्चा जन्मेको रिपोर्ट *(स्युस्योउ होउकोकु)* बुझाउने पोष्टकार्ड पेस गर्नुहोस्। |
| सुत्केरी तथा शिशु स्याहार भत्ता *(स्युस्सान इकुजी इचिजि-किन)* | वडा कार्यालय वा तिनका शाखा | नागरिक स्वास्थ्य बिमा नियमित रुपमा तिरेको व्यक्ति, यदि सुत्केरी भयएमा नियमानुसार ५लाख येन पाउने व्यवस्था छ। |
| नागरिक स्वास्थ्य बीमा (पृष्ठ 6 हेर्नुहोस्) | वडा कार्यालय वा तिनका शाखा | नागरिक स्वास्थ्य बीमा (कोकुमिन् केन्कोउ होकेन्) को सदस्य रहेका व्यक्तिको बच्चा जन्मदा जन्मेको दिन देखि 14 भित्र बच्चाको सदस्यताको लागि प्रक्रिया गर्न आवश्यक पर्दछ। |
| बच्चाको लागि चिकित्सा खर्च अनुदान | वडा कार्यालय वा तिनका शाखा | (लक्षित) 0 वर्ष देखि 18 वर्ष उमेर सम्मका बालबालिका स्वास्थ्य बीमाद्वारा कभर गरिएको चिकिस्ता खर्चको स्व-भुक्तानीको लागि अनुदान दिइन्छ। |
| शिशु भत्ता  | वडा कार्यालय वा तिनका शाखा | (लक्षित) 0 वर्ष उमेर देखि निम्न- माध्यमिक विद्यालय तेश्रो वर्षका बालबालिका भएका व्यक्ति<br>बच्चा जन्मेको दिनको भोलि पल्टबाट 15 दिन भित्र भत्ता मागको प्रक्रिया गर्नु पर्ने छ। प्रतेक वर्षको जुन महिनामा, त्यस बेलाको अवस्थाको विवरण पेश गर्न आवश्यक पर्न सक्छ। |
| खोप  | स्वास्थ्य केन्द्र *(होकेन्-सेन्टर)* | खोपहरू अस्पतालमा दिइन्छ। खोप दिने दिनमा मातृशिशु स्वास्थ्य हाते पुस्तिका *(बोसि होकेन् तेच्योउ)* लिएर जानुहोस्। |
| बच्चा हेरविचार स्थल | वडा कार्यालय वा तिनका शाखा | (लक्षित) 0 वर्ष उमेर देखि प्राइमरी विद्यालय जानु अघि उमेर सम्मका बालबालिका अभिभावक दुवै काम गर्ने भएर बच्चालाई घरमा राखेर हुर्काउन नसक्ने अवस्थामा मात्र राख्न सकिन्छ। |

| प्रक्रिया | सोधपुछ स्थल | विषयवस्तु |
|---|---|---|
| नगर स्थापित बाल सदन  | राख्न चाहेको बाल सदन (योउचि-एन) अथवा शिक्षा परिषद्को शिक्षक शाखा (क्योउ-इकु इन्काइ, क्योउ-इकु स्योकु-इन-खा) टेलिफोन नं 052-972-3243 | (लक्षित) 3 वर्ष उमेर पुगेका देखि 6 वर्ष उमेर पुगेका बच्चा सम्म |

## बच्चाको शिक्षा

| प्रक्रिया | सोधपुछ स्थल | विषयवस्तु |
|---|---|---|
| नगर स्थापित प्राथमिक विद्यालय तथा नगर स्थापित माध्यमिक विद्यालय | वडा कार्यालय वा तिनका शाखा | नगरपालिका द्वारा स्थापित प्राथमिक तह· निम्न-माध्यमिक तहको बिद्यालय भर्ना हुनको लागि वडा कार्यालय अथवा शाखा कार्यालयमा बिद्यालय प्रवेश प्रक्रिया गर्न आवस्यक छ।<br>प्राथमिक बिद्यालय 6 बर्ष: 6 बर्षको उमेरबाट 12 बर्षको उमेर सम्म<br>निम्न-माध्यमिक बिद्यालय 3 बर्ष:12 बर्षको उमेरबाट 15 बर्षको उमेर सम्म<br>अध्ययन सत्र अप्रिलमा सुरु भएर मार्चमा समाप्त हुन्छ। |
